**आकाशवाणी समाचार- नेपाली**
मितिः ०८ फरवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बङ्गाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले शनिबार भारतीय निर्वाचन आयोगको ध्यानाकर्षण गराउनु हुदै विशेष गहन संशोधन प्रक्रिया (एसआईआर) को क्रममा माइक्रो पर्यवेक्षकहरूको हस्ताक्षर नक्कली भएको आरोपको छानबिन गर्न माग गर्नु भएको छ।

- पश्चिम बङ्गाल विधानसभाले "पश्चिम बङ्गाल पञ्चायत (संशोधन) विधेयक, २०२६" पारित गरेको छ।

- पूर्व डेपुटी सुपरिटेन्डेन्ट अख्तर अलीले सरकारी आरजी कर मेडिकल कलेज र अस्पतालमा कथित आर्थिक अनियमितताको मामिलामा सोमबार विशेष सीबीआई अदालतमा आत्मसमर्पण गर्नेछन्।

- **घैयाबारी अस्पतालमा डाक्टरको अभाव: दुईजना स्थायी डाक्टर हुनु पर्ने स्थानीयहरुको माग**

- मौसम बिभागले उत्तर बंगालमा चिसो जारी रहने र दार्जिलिङ, जलपाईगुडी, बकुचविहार, अलिपुरद्वार,जिल्लामा रातको तापक्रम २ देखि ३ डिग्री सेल्सियससम्म घट्न सक्ने पूर्वानुमान गरेको छ ।

**माइक्रो ऑब्जर्वरको हस्ताक्षर फर्जी भएको आरोप, शुभेंदु अधिकारी**

पश्चिम बङ्गाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले शनिबार भारतीय निर्वाचन आयोगको ध्यानाकर्षण गराउनु हुदै विशेष गहन संशोधन प्रक्रिया (एसआईआर) को क्रममा माइक्रो पर्यवेक्षकहरूको हस्ताक्षर नक्कली भएको आरोपको छानबिन गर्न माग गर्नु भएको छ। उहाँले आफ्नो जिल्ला पूर्व मेदिनीपुरमा अनियमितता सार्वजनिक भएको आरोप लगाउनु भएको छ । शनिबार दिउँसो जारी एक विज्ञप्तिमा शुभेन्दु अधिकारीले भन्नु भयो , 'पूर्व मेदिनीपुर जिल्लाको उत्तरकण्ठी विधानसभा क्षेत्रको देशप्राण ब्लकमा एसआईआर अन्तर्गत दावी र आपत्तिको सुनुवाइ प्रक्रियाको क्रममा धेरै मतदान केन्द्रहरूमा माइक्रो पर्यवेक्षकहरूको हस्ताक्षर नक्कली भइरहेको छ। उहाँले यस विषयमा विश्वसनीय स्रोतबाट जानकारी प्राप्त भएको दाबी गर्नु भयो ।

विपक्षी नेताले भन्नु भयो म लोकतान्त्रिक प्रक्रियाको पवित्रतालाई कमजोर पार्ने यी स्पष्ट प्रयासहरूबाट गहिरो चोट र आक्रोशित छु, विशेष गरी जब एसआईआरको सुनुवाइ चलिरहेको छ। उहाँले सात मतदान केन्द्रहरूको विवरण पनि दिनु भयो जहाँ यो धाँधली भइरहेको छ।अधिकारीका अनुसार यस्ता गतिविधि निर्वाचन प्रक्रियाको निष्पक्षतामाथि प्रत्यक्ष आपराधिक आक्रमण हुन् । उहाँले हस्ताक्षर जालसाजीले जनताको विश्वास तोड्ने मात्र होइन, यसले निष्पक्ष चुनावलाई प्रभावित पार्ने षड्यन्त्र पनि देखाउँछ भनि बताउनु भयो ।उहँले भारतको निर्वाचन आयोग र पश्चिम बङ्गालको मुख्य निर्वाचन अधिकारीको कार्यालयलाई यी आरोपहरूको तत्काल संज्ञान लिन र निष्पक्ष र गहन अनुसन्धान सुरु गर्न अपील गर्नु भयो। उहाँले आरोप सही भएको पाइएमा दोषीमाथि कडा कारबाही गर्नुपर्ने पनि बताउनु भयो ।

**पश्चिम बंगाल विधानसभामा विधेयक पारित**

पश्चिम बङ्गाल विधानसभाले शनिबार एउटा नयाँ विधेयक पारित गरेको छ जसअन्तर्गत राज्यको त्रिस्तरीय पञ्चायत प्रणालीमा गठन भएको मितिदेखि तीन वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन सकिँदैन। यस विधेयकको नाम "पश्चिम बङ्गाल

पञ्चायत (संशोधन) विधेयक, २०२६" हो।यो विधेयक मूल रूपमा विधानसभाको कार्यसूचीमा शामेल थिएन। तर, बजेट अधिवेशनको अन्तिम दिनको अन्त्यतिर विधानसभा अध्यक्ष विमान बनर्जीको कार्यदलमा बसेको कार्यव्यवस्था परामर्श समितिको बैठक अधिवेशन अन्त्यअघि नै सदनमा विधेयक पेश गर्ने निर्णय भएको थियो ।विधेयकमा जिल्ला परिषद्का अध्यक्ष र उपाध्यक्ष, पञ्चायत समितिका अध्यक्ष र उपाध्यक्ष तथा तीन वर्षसम्म ग्राम पञ्चायतका अध्यक्ष र उपप्रमुखविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइने व्यवस्था गरिएको छ । पहिले यो अवधि साढे दुई वर्षको थियो, जसलाई अहिले बढाएर तीन वर्ष बनाइएको छ ।पञ्चायत मामिला तथा ग्रामीण विकासमन्त्री प्रदीप मजुमदारले राज्यमा त्रिस्तरीय पञ्चायत व्यवस्थामा स्थिरता कायम गर्ने उद्देश्यले संशोधन ल्याइएको बताएका छन् ।यसैबीच, भाजपा विधायक दलले सत्रको अन्तिम समयमा कार्य सल्लाहकार समितिको बैठक बोलाएका छन् र हतारमा विधेयक पेश गर्ने निर्णयको विरोध गरेका छन्। पार्टीका विधायक अरुप कुमार दासले पञ्चायत व्यवस्थामा स्थिरता भन्दा पनि यो संशोधनको वास्तविक उद्देश्य सत्तारूढ तृणमूल कांग्रेसभित्र राजनीतिक स्थिरता सुनिश्चित गर्नु रहेको आरोप लगाएका छन् ।अरुपकुमार दासलेबताउनु भयो पञ्चायत प्रणालीलाई बलियो बनाउने उद्देश्य मात्र भएको भए विधानसभा चुनावको केही महिनाअघि नै यति हतारमा विधेयक पारित हुने थिएन। विधानसभाद्वारा पारित भएपछि यो विधेयक अब गभर्नर सी.वी.आनन्द बोसको स्वीकृतिका लागि पठाइनेछ।

**आर जी कर मेडिकल कॉलेज घोटाला** :

पूर्व डेपुटी सुपरिटेन्डेन्ट अख्तर अलीले सरकारी आरजी कर मेडिकल कलेज र अस्पतालमा कथित आर्थिक अनियमितताको मामिलामा सोमबार विशेष सीबीआई अदालतमा आत्मसमर्पण गर्नेछन्। एक दिनअघि विशेष अदालतले उनीविरुद्ध पक्राउ वारंट जारी गरेको थियो ।अख्तर अलीले शनिबार हावडाको एक अस्पतालबाट कोलकाता अदालतमा निवेदन दिएका थिए जहाँ उनले आफ्नो उपचार भइरहेको दाबी गरेका थिए। तर, दिउँसो साढे १२ बजेसम्म अदालती कारबाही सकिएपछि उनीहरुले औपचारिक रुपमा आत्मसमर्पण गर्न पाएनन्। अदालतले उनलाई सोमबार फेरि उपस्थित हुन आदेश दिएका छन् ।अदालत परिसरमा प्रवेश गर्ने क्रममा अख्तर अलीले आरोपको खण्डन गर्दै सोधपुछ भइरहेको पैसा आफूले आफ्नो बाजेको उपचारका लागि उधारो लिएको बताएका थिए। उनले भने, 'मलाई षड्यन्त्रको एक भागको रूपमा फसाइएको छ।पछि अख्तर अलीले आफू वकिल बिना नै अदालत पुगेको र बिरामीका कारण पूर्व सूचना दिन नसकेको बताएका थिए। मोबाइल फोन उपलब्ध नभएका कारण अदालती कारबाही छिट्टै टुंगिने जानकारी नभएको उनले बताए ।
उल्लेखनीय छ कि यस मामिलामा अख्तर अली सुरुमा व्हिसल ब्लोअरको रूपमा बाहिर आएका थिए। उनले आरजी कर मेडिकल कलेजमा करोडौं रुपैयाँको कथित आर्थिक अनियमितताको पर्दाफास गरेका थिए।
डेपुटी सुपरिटेन्डेन्ट पदमा रहँदा अख्तर अलीले तत्कालीन प्रिन्सिपल सन्दीप घोषमाथि आर्थिक अनियमितता गरेको आरोप लगाएका थिए। उनको निवेदनमा कलकत्ता उच्च अदालतको एक डिभिजन बेन्चले सीबीआई जाँचको आदेश दिएको थियो। त्यसपछि प्रवर्तन निर्देशनालय (ईडी) ले पनि यस मामिलामा समानान्तर अनुसन्धान सुरु गरेको थियो ।
यो मुद्दा अगस्ट २०२४ मा आरजी कर मेडिकल कलेज परिसरमा एक महिला जुनियर डाक्टरको बलात्कार र हत्याको घटनापछि चर्चामा आएको थियो, जसले संस्थाको कार्यमाथि व्यापक प्रश्नहरू खडा गरेको थियो।

**भाजपा-पश्चिम बंगाल-संकल्प पत्र**

भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो घोषणापत्रको मस्यौदाका लागि जनताबाट प्रतिक्रिया माग्न ठूलो पहल सुरु गरेको छ।हिज कोलकातामा आयोजित पत्रकार सम्मेलनमा प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले नागरिकले आफ्ना सुझाव आदानप्रदान गर्न विभिन्न माध्यमका बारेमा जानकारी दिनुहुदै नीति निर्माणमा आधारभूत दृष्टिकोणमा जोड दिनु भयो । पार्टीले डिजिटल र टेलीफोनको माध्यमबाट सुझाव प्राप्त गर्न सुविधाको लागि एक समर्पित ईमेलअद्रेस पतो - **sankalp.wb2026@bjpbengal.org-** र एक टोल-फ्री नंबर **9727294294** जारी गरेको छ। यसको अतिरिक्त, भाजपाले 18 फरवरीसम्म राज्य भरमा एक हजार ड्रॉप बॉक्स स्थापित गर्ने योजना बनाएको छ ताकि निवासीहरुले लिखित प्रस्ताव जमा गर्न सकुन। 17 र 18 फरवरीमा एक विशेष जनसंपर्क अभियान निर्धारित गरिएको छ। यस अवधि घोषणापत्र समितिका सदस्यहरुले जनतासंग बातचीत गर्नका लागि विभिन्न जील्लाहरुको भ्रमण गर्नेछन।

**घैयाबारी अस्पतालमा डाक्टरको अभाव:**

घैयाबारी अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र) मा फेरि डाक्टरको समस्या देखिएको छ। गत वर्ष घैयाबारी अस्पतालमा डाक्टरको समस्या हुँदा स्थानीयहरुको मागमा बागौरा स्वास्थ्य केन्द्रको डाक्टर नै सप्ताहमा तीनपल्ट यहाँ आउने गरेका थिए। तर अहिले सुकना अस्पताल (खण्ड स्वास्थ्य केन्द्र) मा पनि डाक्टरको अभाव हुँदा यहाँ आउने डाक्टर उता व्यस्त हुनु परेको र यहाँ विगत एक हप्तादेखि डाक्टरबिना नै घैयाबारी अस्पताल सञ्चालन भईरहेको जानकारी प्राप्त भएको छ।यस विषयमा घैयाबारीका स्थानीयहरुले अस्पतालमा आएर नर्सहरुसित सोधखोज गर्दा विगत एक हप्तादेखि डाक्टरबिना अस्पताल सञ्चालन भइरहेको जानकारी पाएका थिए। घैयाबारीका स्थानीयहरुमा बिपन विश्वकर्म, नरेन राई, रुपेस गदाल, बिजेन्द्र ठटाल साथै पञ्चायत सदस्याहरु अरुणा लामा र मिठ्ठु लामा राई उपस्थित रहेका थिए। उक्त स्थानीय टोलीले सोधखोज गर्दा घैयाबारी अस्पतालमा फेरि डाक्टरको समस्या भएको जानकारी पाएका छन्।
घैयाबारीका स्थानीयहरुले घैयाबारी अस्पतालमा दुईजना डाक्टरहरु स्थायी रूपमा हुनु पर्ने माग गरेका छन्। स्थानीयहरुको पक्षमा पत्रकारहरुलाई सम्बोधन गर्दै बिपन विश्वकर्मले घैयाबारीमा फेरि डाक्टरको समस्या शुरु भएको र हामी यहाँ दुईजना डाक्टरहरु स्थायी रुपमा हुनु पर्ने माग राखेका छन्। उनले जीटीएको स्वास्थ्य विभाग समक्ष निवेदन गर्दै यहाँ डाक्टरको क्वाटर सुन्दरीकरण गरेर पानीको समस्या समाधान गरेर स्थायी रूपमा दुईजना डाक्टर हुनु पर्ने माग राखेका छन्।
बिपन विश्वकर्मले भने, 'पहिला पनि डाक्टरको अभाव हुँदा बागौडाबाट एकजना डाक्टर हप्तामा तीन दिन आउने गरेको तर अहिले फेरि डाक्टरको समस्या शुरु भएको छ। यहाँ डाक्टर आएर बस्ने इच्छा गरे पनि डाक्टर बस्ने क्वाटर पनि व्यवस्थित छैन। क्वाटर राम्रो नभएकाले डाक्टर अस्पतालमा बिमारी बस्ने बेडमा नै सुतेको जानकारी पाएका छौ |

**दार्जिलिङ हिमालयन कम्युनिटी सर्विस लण्डनद्वारा घैयाबारी प्राथमिक स्वस्थ्य केन्द्रलाई आवश्यक सर सामानहरु प्रदान**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी प्राथमिक स्वस्थ्य केन्द्रमा दार्जिलिङ हिमालयन कम्युनिटी सर्विस लण्डनद्वारा आवश्यक सर सामानहरु प्रदान गरिएको छ। घैयाबारी प्राथमिक स्वास्थ्य केन्द्रलाई टेबल-चौकी, वेट मशीन, डस्टबिन, अलमारी,स्टेचर लगायत अन्य सामाग्रीहरु प्रदान गरिएको छ।

दार्जिलिङ हिमालयन कम्युनिटी सर्विस लण्डन अन्तर्गत भारतका सदस्य कौशिक भट्टचार्य, तीनधारेको श्रीगणेश सहकारी समितिका सभापति विनयकुमार छेत्री, फोसेप दार्जिलिङका महासचिव भरतकुमार राई, सदस्य दिपक ठटाल लगायत अन्यहरुले उक्त सामग्रीहरू प्रदान गरेका छन्। घैयाबारी क्षेत्रका स्थानीय ग्रामवासीहरुको उपस्थितिमा घैयाबारी स्वास्थ्य केन्द्रलाई उक्त सर सामानहरु प्रदान गरिएको छ । यसको साथै आगामी दिनमा चाढै नै उक्त ट्रस्ट अनि महानदी तीनधारे समष्टिको सभासद नवराज छेत्रीको पहलमा घैयाबारी अस्पतालको लागि एउटा एम्बुलेन्सको निम्ति पनि पहल भइरहेको जानकारी गराइएको छ।

यस अवसरमा अस्पताल पक्षले ट्रस्टका सम्पूर्ण सदस्यहरुलाई खदा लगाएर धन्यवाद ज्ञापन गरेक थिए। साथै, ग्रामवासीको पक्षबाट नरेन राईले पनि ट्रस्टका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिएका छन्।

यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै दार्जिलिङ हिमालयन कम्युनिटी सर्विस लण्डन अन्तर्गत भारतका सदस्य कौशिक भट्टचार्यले दार्जिलिङ हिमालयन कम्युनिटी सर्विस लण्डनको तर्फबाट घैयाबारी अस्पतालमा आवश्यक सर सामानहरु प्रदान गरिएको जानकारी गराएका छन्। उनले दार्जिलिङ हिमालयन कम्युनिटी सर्विस लण्डनले शिक्षा, स्वास्थ्य र पर्यावरणमाथि कार्य गर्दै आइरहेको बताएका छन्।

**मौसम**

कोलकातामा आज बिहानको समय केहि क्षेत्रहरुमा  हल्का कुहिरो लागेको छ भने दक्षिण बंगालका सबै जील्लाहरुमा कुहिरोको  तीव्रता कम भएको छ। मौसम विभागले उत्तरका केहि जील्लाहरुमा हल्का देखि  मध्यम कुहिरो बनि रहने संभावना व्यक्त गरेको छ। जसका कारण  विजिबिलिटी 999 मीटरदेखि  200 मीटर बीच कम हुन सकिनेछ। उत्तर बंगालमा चिसो जारी

रहनेछ। दार्जिलिङ, जलपाईगुडी, बकुचविहार, अलिपुरद्वार, मालदा र दिनाजपुर जिल्लामा रातको तापक्रम २ देखि ३ डिग्री सेल्सियससम्म घट्न सक्ने पूर्वानुमान गरिएको छ।

****** ० ******